# फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

कोशी प्रदेश, नेपाल


पत्र संख्या : २०८१/८२

चलानी नं. :

मिति : २०८१-०७-१२

ने.सं - ११४४ कौलागा, ११ सोमवार

**विषयः विषय विज्ञको लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा फेदाप गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा ४२ को प्रावधान अनुसार सोहि दफाको उपदफा ३ को प्रयोजनको लागि करार शिक्षक पदपुर्तिको व्यवस्थापनको सन्दर्भमा विषय विशेषज्ञहरुको सूचि अद्यावधिक गर्नुपर्ने भएको हुँदा माध्यमिक तहको हकमा कम्तिमा सम्बन्धित विषयमा स्नातकोत्तर र आधारभूत (प्राथमिक र निम्न माध्यमिक) तहको हकमा कम्तिमा शिक्षा शास्त्र संकायमा स्नातक तह उत्तिर्ण गरी न्युनतम २ बर्षको सम्बन्धित तहको शिक्षण अनुभव पुरा गरेका ईच्छुक फेदाप गाउँपालिकाभित्रका विद्यालयमा अध्यापनरत स्थायी शिक्षकले तहगत रुपमा तपशिलका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

विष्णु प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**तपशिलः**

१. नेपाली नागरिकताको प्रतिलिपी।
२. शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपीहरु।
३. अस्थायी तथा स्थायी नियुक्ति पत्रको प्रतिलिपी।
४. अध्यापन अनुमति पत्रको प्रतिलिपी।
५. सम्बन्धित विद्यालयबाट सेवा अवधि प्रमाणित पत्रको सक्कल प्रति।
६. निवेदकले निवेदनमा तह, विषय, सेवा अवधि, स्थायी/अस्थायी नियुक्ति मिति, सम्पर्क नम्बर र इमेल ठेगाना अनिवार्य रुपमा उललेख गर्नुपर्नेछ।
७. निवेदन पेश गर्ने समय: २०८१।०८।०२ सम्म
८. निवेदकले शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र विशिष्टिकरण तालिका बमोजिम (सम्बन्धित तह र बिषयको) १ सेट प्रश्नपत्र समेत निर्माण गरी पेश गर्नुपर्नेछ।
९. दरखास्त दस्तुर माध्यमिक र निम्न माध्यमिक तहको हकमा रु १,५००।- र प्राथमिक तहको हकमा रु १,०००।- फेदाप गाउँपालिकाको राजश्व खातामा जम्मा गरेको भौचर।
१०. शिक्षा विकास तथा समन्वय इकाइमा सूचिकृत विषय विज्ञहरुले दरखास्त पेश गर्नु पर्ने छैन। निजहरु यसै बमोजिम सूचिकृत भएको मानिनेछ।
११. सूचिकृत विषय विज्ञको अवधि छनौट भएको मितिले २ बर्षको हुनेछ।
१२. तोकिएबमोजिमका कागजातहका प्रतिलिपीहरु सम्बन्धित शिक्षकले प्रमाणित गर्नुपर्नेछ।
१३. म्याद नाघि पेश भएका र रित नपुगेका निवेदनमाथी कुनै कारबाही हुने छैन।